आज मिति २०८३ साल असार ९ गतेका दिन त्रिपुरा सुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को आठौं बैठक अध्यक्ष श्री भक्तध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २: वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं. ३: आर्थिक विधेयक सम्बन्धमा ।
प्रस्ताव नं. ४: विनियोजन विधेयक सम्बन्धमा ।
प्रस्ताव नं. ५: वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं. ६: बेरुजु फछ्र्यौट सम्बन्धमा ।
प्रस्ताव नं. ७: स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्ययोजना अनुमोदनका लागि पेश सम्बन्धमा ।
प्रस्ताव नं. ८: विविध ।

**निर्णयहरु:**

<u>निर्णय नं. १:</u> गाउँ कार्यपालिकाको मिति २०८३।०२।२८ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो ।

<u>निर्णय नं. २:</u> त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा समितिले गाउँपालिकाको सन्तुलित र दिगो विकासका लागि पाँच मुख्य खम्बाहरूलाई समेटेर तयार गरेको नीति तथा कार्यक्रम अन्तर्गत स्थानीय उत्पादन र कृषिको आधुनिकीकरण मार्फत आर्थिक विकास, शिक्षा, स्वास्थ्य र समावेशीकरणलाई समेटेर सामाजिक विकास, सडक, खानेपानी र उर्जाको पहुँच बढाउन पूर्वाधार विकास, जलवायु परिवर्तन र विपद् न्यूनीकरणका लागि वन वातावरण तथा विपद् व्यवस्थापन, र सेवा प्रवाहलाई पारदर्शी तथा प्रविधिमैत्री बनाउन सुशासन तथा संस्थागत विकासका रणनीतिहरू तय गरी गाउँपालिकाको समग्र समृद्धि र नागरिकको जीवनस्तर उकास्ने लक्ष्य राखिएको नीति तथा कार्यक्रमलाई गहन छलफल, परिमार्जन र अन्तिम स्वीकृतिका लागि आगामी एक्काईसौं गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ३:</u> यस गाउँपालिकाको आर्थिक विधेयक,२०८३ अनुमोदनका लागि एक्काईसौं गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ४:</u> यस गाउँपालिकाको विनियोजन विधेयक,२०८३ अनुमोदनका लागि एक्काईसौं गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ५:</u> यस गाउँपालिकाको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको मार्गदर्शन बमोजिम गाउँपालिकाको विषयगत शाखा र प्रत्येक वडालाई दिएको बजेट सिलिङ्गको आधारमा प्राप्त भएका योजना तथा कार्यक्रमहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्राथमिकिकरण गरी पेश गरेको योजना तथा बजेट उपयुक्त देखिएकोले देहाय बमोजिमको बजेट प्रस्ताव स्वीकृतीको लागि आगामी गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।